नेपाल सरकार
# कृषि तथा पशुपन्छी विकास मन्त्रालय

फोन नं. ४२११६३५, ४२११८०८, ४२११९३२, ४२११६६५, ४२११६८७, ४२११९१५

सिंहदरवार, काठमाण्डौं
नेपाल

पत्र संख्या :
च.नं. :

## अनुदानित रासायनिक मलको हालको अवस्था बारे जानकारी

(मिति २०७९/४/३१)

नेपाल सरकारले विभिन्न बालीहरुकोलागि आवश्यक आधारभूत पोषक तत्वका रुपमा रहेको नाईट्रोजन, फोस्फरस र पोटास तत्व उपलव्ध गराउने रासायनिक मलहरुमा लागत सहभागिताका आधारमा किसानहरुलाई अनुदान उपलव्ध गराउने नीति लिदै आएको छ । यसै नीति अनुसार सरकारले यूरिया, डीएपी र पोटास मलहरु अनुदानित सुलभ मूल्यमा किसानहरुलाई उपलव्ध गराउने गरेको छ ।

आ.व. २०७९/८० को लागि रासायनिक मलमा अनुदानको लागि रु. १५ अर्व बिनियोजन भएको छ । सोही बमोजिम मल आपूर्तिका लागि टेण्डर आव्हान/ सम्झौता भई निम्नानुसारको अवस्था रहेको छ ।

- कृषि सामग्री कम्पनी लि.ले खरिद गर्ने ३०००० मे.टन. युरिया मध्ये १८८५० मे.टन नेपाल भित्रिएको र बाँकी ११९५० मे.टन ७-१० दिन भित्र नेपाल प्रबेश हुने अवस्था रहेको। यस मलको खरिद दर रु १०२.५९/प्रति के.जि. रहेको छ ।
- कृषि सामग्री कम्पनी लि.ले खरिद गर्ने २०००० मे.टन डीएपी भारतको कोलकोत्ता बन्दरगाहामा १५ अगष्ट २०२२ मा आईपुगेको र अगष्ट ३० देखि नेपाल प्रवेश हुने। यस मलको खरिद दर रु १५८.९३ प्रति के.जि रहेको छ।
- साल्ट ट्रेडिङ्ग कार्पोरेशन लि.ले खरिद गर्ने २०००० मे.टन युरिया अगष्ट १८ मा भारतको विशाखापटनम् आउने। भारत सरकार Department of Fertilizer ले पूनः निर्यात अनुमति दिए पश्चात नेपालको लागि चलान हुने। अनुमानित रुपमा ३० दिन भित्रमा नेपाल आइपुग्ने। सम्झौता अनुसार मलको खरिद दर रु ८९.९२ /प्रति के.जि. रहेको छ।
- कृषि सामग्री कम्पनी लि.ले खरिद गर्ने थप २०००० मे.टन डीएपी का लागि जहाज Load Port मा अगष्ट २१ मा पुग्ने आपूर्तिकर्ताले जानकारी दिएको छ । सम्झौता अनुसार मलको खरिद दर रु. १५३.६९ प्रति के.जि रहेको।
- कृषि सामग्री कम्पनी लि.ले खरिद गर्ने थप ३०००० मे.टन. युरियाको बोलपत्र सम्झौता भई शर्त अनुसार असोज सम्म नेपाल प्रवेश गर्ने अनुमान । सम्झौता अनुसार मलको खरिद दर रु. ८८.५३ /प्रति के.जि. रहेको छ।
- साल्ट ट्रेडिङ्ग कार्पोरेशन लि.ले खरिद गर्ने थप २७५०० मे.टन युरिया कोलागि बोलपत्र भाद्र १० गते खुल्ने।

नेपाल सरकार
# कृषि तथा पशुपन्छी विकास मन्त्रालय

फोन नं. ४२११६३५, ४२११८०८, ४२११९३२, ४२११६६५, ४२११६८७, ४२११९१५

सिंहदरवार, काठमाण्डौं
नेपाल

पत्र संख्या :
च.नं. :

रासायनिक मलको मौज्दातको अवस्था

| कम्पनी | युरिया मे.टन. | डिएपी मे.टन | पोटास मे.टन | |
|---|---|---|---|---|
| साल्ट ट्रेडिङ्ग कर्पोरेशन लि. | २८४३.० | ३६८०.४ | २०७.६० | मिति २०७९।४।३० को विवरण अनुसार |
| कृषि सामग्री क. लि. | ८३२८.४५ | २४६१.२ | ५५२८.३ | मिति २०७९।४।३१ को विवरण अनुसार |
| जम्मा मौज्दात | ११११७१.४५ | ६१४१.६ | ५७३४.९ | |

नेपालसरकारले कृषकलाई अनुदानमा उपलव्ध गराउने मलको मूल्य सम्बन्धि व्यवस्था निम्नानुसार रहेको छ।

- आयात विन्दुको विक्रि मूल्यः युरिया प्रति के.जि रु.१४, डिएपि प्रति के.जि. रु.४३ र पोटास प्रति के.जि. रु ३१ रहेको छ ।
- कृषि सामग्री कम्पनी लि. र साल्ट टेडिङ्ग कर्पोरेशन लि.का कार्यालयहरुको विक्रि मूल्यः आयात विन्दुको लागि तोकिएको मूल्यमा प्रति के.जि. रु. १ संञ्चालन खर्च र आयात विन्दु देखि विक्रि केन्द्र सम्मको दुवानी भाडा जोडी विक्री मूल्य निर्धारण हुने व्यवस्था रहेको छ ।
- सहकारी, एग्रोभेट तथा विभिन्न संस्थाहरु (डिलर)मार्फत गरिने रासायनिक मलको विक्रि मूल्यः कृषि सामाग्री कम्पनी लि. तथा साल्ट ट्रेडिङ्ग कर्पोरेशन लि. का विक्री कार्यालयको मूल्यमा संचालन खर्च रु. १ प्रति के.जि. थप गरी ढुवानी भाडा जोडी विक्री मूल्य निर्धारण हुने व्यवस्था रहेको छ।